राष्ट्रिय वाणिज्य बैंक लि.
केन्द्रीय कार्यालय
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरवार प्लाजा, काठमाडौं

मिति : २०७९।०८।२९

# प्रेस विज्ञप्ति

## राष्ट्रिय वाणिज्य बैंकले पायो 3rd Best Managed Commercial Bank 2022 अवार्ड

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले काठमाडौंमा सम्पन्न भएको एशियन पेन्ट्स "न्यू बिज बिजनेश कन्क्लेभ एण्ड अवार्डस्" कार्यक्रममा **3rd Best Managed Commercial Bank Of The Year 2022** अवार्ड प्राप्त गरेको छ । सो अवार्ड बैंकको तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले ग्रहण गर्नुभएको थियो ।

अर्थमन्त्री माननीय जनार्दन शर्माले उद्घान गर्नुभएको कार्यक्रममा नेपाल राष्ट्र बैंकका पहिलो गभर्नर हिमालयन शम्शेर राणालाई व्यवसायिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै लाइफ टाइम एचिभमेन्ट इन बिजनेश लिडरशिप अवार्ड प्रदान गरिएको थियो । सन् २०१३ देखि न्यू बिनेश एज प्रालिले व्यवसायिक संस्थाहरुको गरेको विभिन्न व्यवसायिक कार्य प्रगतीको आधारमा अवार्डस् प्रदान गर्दै आइरेको आयोजकले बताएको छ । कार्यक्रममा विभिन्न आठ विधामा अवार्ड प्रदान गरिएको थियो । बैंकको हाल सातै प्रदेश, ७७ जिल्लामा २६४ वटा शाखा कार्यालय, २६८ वटा एटिएम र ९९ वटा शाखा रहित बैंकिङ्ग सेवा रहेको छ ।


राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नो बैंक
आफ्नो भनेको आफ्नै हुन्छ
7th NEWBIZ BUSINESS
2022
3rd BEST MANAGED COMMERCIAL BANK 2022
तपाईहरुको साथ, सहयोग र विश्वासले हामी **न्यू बिज बिजनेश कन्क्लेभ एण्ड अवार्ड्स २०२२** मा **3rd Best Managed Commercial Bank** बन्न सफल भएका छौं । यस सुखद अवसरमा सम्पूर्ण ग्राहकवर्ग, कर्मचारी तथा सरोकारवाला निकायहरूलाई धन्यवाद दिन चाहन्छौं ।
24x7 Helpline: +977-1-5970018
Email: rbb.info@rbb.com.np